# प्रदेश सभा

# अर्थ तथा विकास समिति

## वार्षिक प्रतिवेदन आ.व. २०७६/०७७




## प्रदेश सभा सचिवालय

## गण्डकी प्रदेश

## पोखरा, नेपाल

### फोन नं. ०६१-५३२२५५

# सभापतिको मन्तव्य

माननीय सभामुख महोदय,

सर्वप्रथम सामन्ति, निरङ्कुश, केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाका विरुद्ध, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनार्थ भएका जनयुद्ध, जनआन्दोलन लगायत विभिन्न संघर्षहरुमा आफ्नो प्राणको आहुती दिनु हुने महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । सोही आन्दोलनहरुको क्रममा तत्कालीन राज्य व्यवस्थाद्धारा बेपत्ता बनाइनु भएका बेपत्ता योद्धाहरु प्रति विशेष सम्मान व्यक्त गर्दछु साथै ती महान योद्धाहरु छिट्टै सार्वजनिक हुने छन् भन्ने अपेक्षा पनि गर्दछु। एवं घाइते अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

मानव सभ्यता र मानव जाती माथि नै चुनौति बनेर विश्व महामारीको रुपमा फैलिरहेको कोभिड १९ (कोरोना भाइरस) को संक्रमणमा परि मृत्युवरण गर्नुहुने नेपाल तथा विश्वभरिका महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै कोभिड १९ (कोरोना भाइरस) बाट संक्रमित भई उपचारको क्रममा रहनुभएका सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस महामारीका विरुद्ध जोखिम मोलेर अग्रमोर्चामा खटिइरहनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी सफाइकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि लगायत सम्पुर्ण नागरिकहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

गण्डकी प्रदेश सरकार आफ्नो सिमित स्रोत साधनका बाबजुद पनि जसरी यो महामारी नियन्त्रणमा खटिइरहेको छ त्यसका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। र पछिल्ला दिनहरुमा जसरी यस प्रदेशमा कोभिड १९ (कोरोना भाइरस) को संक्रमण तिव्र गतिमा फैलिन खोजिरहेको छ त्यसको नियन्त्रणका लागि परिक्षणको दायरा बढाउनुपर्ने, आइसोलेसन वार्ड र क्वारेन्टाइनहरु आवश्यकता अनुसार गुणस्तरीय रुपमा स्थापित गर्नुपर्ने आवश्यकता महसुस भएको छ। त्यस दिशातर्फ सरकारलाई गम्भिरतापुर्वक लाग्नका लागि पनि अनुरोध गर्न चाहन्छु। साथै लकडाउनका कारण समस्यामा परेका निम्न आय भएका नागरिकहरुलाई पुनः राहत वितरण, लकडाउनका कारण आर्थिक गतिविधिमा परिरहेको नकरात्मक असरलाई कम गर्ने, लकडाउनको मोडालिटि परिवर्तन गरी निर्माण लगायतका कामहरुलाई अझ व्यवस्थित बनाउँदै लैजान पनि सरकारले विशेष ध्यान दिनेछ भन्ने विश्वास राख्दछु।

माननीय सभामुख महोदय,

संघीय शासन व्यवस्थाको पृष्ठभूमिमा नेपालले परिकल्पना गरेको सुखी नेपाली र समृद्धि नेपालको अवधारणालाई मूर्तरुप दिन मुलुकमा सुशासन आवश्यक हुन्छ । विकास र समृद्धिले नै सुशासनलाई प्रत्याभूत गर्दछ । यस अर्थमा, सार्वभौम जनताको प्रतिनिधिमुलक संस्था व्यवस्थापिका संसदमा मुलुकको समृद्धिका लागि Watch Dog को भूमिकामा काम गर्न विभिन्न विषयगत समितिहरु रहने व्यवस्था कुनै पनि लोकतान्त्रिक मुलुकको संविधानमा गरिएको हुन्छ । नेपालको संविधानले सातै प्रदेशमा एक—एक वटा प्रदेश सभा र सो अन्तर्गत विभिन्न विषयगत समितिहरु गठन गर्न सकिने व्यवस्था गरेको छ ।

मिनि पार्लियामेन्टका रुपमा चिनिने संसदीय समितिको प्रभावकारिता, कार्यकुशलता र सक्रियताले प्रदेश सभाको गरिमा र मर्यादा कायम गर्न सघाउ पुऱ्याउनेछ।समितिको प्रभावकारितामा सभाको प्रभावकारिता निर्भर हुने हुँदा समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै सरकारलाई जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्दछ। समितिले आफ्नो कार्यक्षेत्र भित्रका सरकारी निकायहरुको नीति योजना कार्यक्रम बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन्।त्यस्तै , आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधानमा समेत सहयोग पुऱ्याउँदछन्।सुशासनको माध्यमबाट मुलुकमा स्थायित्व विकास र समृद्धि हासिल गर्न समितिले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ । संसदीय व्यवस्थामा समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना काम कारवाही सुचारु रुपमा संचालन गर्ने, सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै प्रदेशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने गर्दछन् ।

संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी र जबाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमाबली, २०७४ को नियम १४६ बमोजिमका विषयगत समितिहरु मध्ये अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । यस समितिले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन

वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषय क्षेत्रमा आवश्यक राय सल्लाह सुझाव तथा निर्देशन दिने कार्य गर्दछ ।

मिति २०७५ बैशाख १४ गते समितिमा सभापतिको निर्वाचन प्रक्रिया प्रारम्भ गरी समितिले आफ्नो कार्यको थालनी गरेको थियो । २०७५ बैशाख १६ गते समितिमा सभापतिको निर्वाचन सर्वसम्मत रुपमा सम्पन्न भै समितिले औपचारिक रुपमा समितिको काम कारवाहीलाई नियमित र व्यवस्थित गर्ने निर्णय गर्दै कार्य प्रारम्भ गरेको यस समितिले अघिल्लो आर्थिक वर्ष २०७५/०७६ मा १८ मिटिङ, ११ निर्देशन र गोरखकाली रबर उद्योग, गोर्खा, गुठी समस्या रहुगंगा गाउपालिका म्याग्दी, पर्वत, म्याग्दी, बागलुङ लगायतका जिल्लाहरुमा सञ्चालनमा रहेका क्रसर उद्योग तथा गिटि बालुवा उत्खननको अवस्थाको स्थलगत अवलोकन तथा अनुगमनका कामहरु गरेर सम्बन्धित मन्त्रालयहरुलाई आवश्यक राय सल्लाह सुझाव एवं निर्देशन दिने काम समेत सम्पन्न गरेको थियो। साथै यस समितिले अर्थ समितिको समेत कार्य गरिरहेको सन्दर्भमा आ.व. २०७५/०७६ को अन्तिममा यस प्रदेशका ११ जिल्लालाई ३ भागमा विभाजन गरी बागलुङ, कास्की र तनहुँमा स्थानीय जनप्रतिनिधि लगायत सरोकारवालाहरुसँग आ.व. २०७६/०७७ को बजेट निर्माण वारे प्रि बजेट छलफल गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई आवश्यक सुझाव समेत दिने काम सम्पन्न गरेको थियो। यी कार्यहरुको विस्तृत विवरण यस समितिको अघिल्लो आर्थिक वर्षको वार्षिक प्रतिवेदनमा समावेश गरी यस गरिमामय सदनमा पेश गरिसकिएको पनि जानकारी गराउँदछु।

माननीय सभामुख महोदय,

यस आर्थिक वर्ष २०७६/०७७ मा यस समितिले १९ औ देखि ३३ औ सम्म १५ मिटिङ, १३ निर्देशन, वन सम्बन्धी अध्ययन भ्रमण, केहि आयोजनाहरुको स्थलगत अनुगमन गर्ने र आवश्यक निर्देशन गर्ने काम सम्पन्न गरेको छ। समितिले आर्थिक वर्षको सुरुवातमा नै प्रदेश सरकारले घोषणा गरेको भ्रमण वर्षहरुका बारे सम्बन्धित मन्त्रालयसँग विशेष चासो राखेर भ्रमण वर्षको तयारीका कामहरु ठिला सुस्ती भइरहेको सन्दर्भमा माननीय मन्त्रीज्यूलाई नै समितिमा बोलाएर रणनितिक रुपमा योजना निर्माण गरी अघि बढ्न निर्देशन गरेको थियो भने पोखरामा सञ्चालित मिटर ट्याक्सीको समस्याका बारे सम्बन्धित पक्षहरुले समितिलाई समस्या हल गर्न पहल गरिदिन भनी दिएको निवेदनका आधारमा मन्त्रालयहरु लगायत

सम्बन्धित सबै पक्षहरुलाई वोलाइ समितिले अन्तर्क्रिया गरी मन्त्रालयलाई आवश्यक निर्देशन दिने काम पनि सम्पन्न गरेको थियो ।

प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ र ताल संरक्षण विकास प्राधिकरण ऐन २०७५ निर्माण भएको लामो समय सम्म पनि संरचनाहरु नबन्दा ऐन कार्यान्वयन हुन नसकेको ठानी समितिले यस विषयमा पनि विशेष चासो राखेको थियो । फलस्वरुप अहिले यी दुवै संरचनाहरु निर्माण भएर कार्य अघि बढाइरहेको अवस्था छ। कृषि अनुदान र मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँको कार्यान्वयन सरकारले सोचेजस्तो नदेखिरहेकोले यसलाई वैज्ञानिक रुपले कार्यान्वयन गर्ने साथै दुग्ध विकास वोर्डको कामलाई व्यवस्थित गर्न गरेको पहल पनि यस वर्ष समितिले गरेको महत्वपुर्ण कार्य हो।

वन नीति, वैज्ञानिक वन प्रणाली जस्ता वन सम्बन्धी विषयमा विभिन्न तरिकाले फरक फरक धारणाका साथ विषयहरु चर्चामा आइरहेको सन्दर्भमा यस सम्बन्धमा एकरुपता पैदा गर्ने उद्देश्य राखेर माननीय जनकलाल श्रेष्ठको नेतृत्वमा वन सम्बन्धी अध्ययन समिति नै बनाएर अध्ययन कार्य अघि बढिरहेको समेत जानकारी गराउँदछु।

माननीय सभामुख महोदय

यस अवधिमा समितिले भौतिक पुर्वाधार विकास मन्त्रालयसँग ३ पटक, उद्धोग पर्यटन वन तथा वातावरण मन्त्रालयसँग ३ पटक, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग २ पटक, प्रदेश बजार अनुगमन समितिसँग २ पटक, समितिको कार्यक्षेत्रभित्र पर्ने ४ वटै मन्त्रालयका सचिवहरुसँग संयुक्त रुपमा १ पटक तथा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग १ र भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको योजना तथा अनुगमन शाखासँग १ पटक मिटिङ तथा अन्तर्क्रिया सम्पन्न गरेको छ।

कोभिड १९ (कोरोना भाइरस) का कारण कालो बजारी, मुल्यबृद्धि वा कृत्रिम अभाव सृजना हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै लकडाउन सुरु हुनुपुर्व नै प्रदेश बजार अनुगमन समितिलाई समितिको मिटिङमा बोलाइ छलफल र आवश्यक निर्देशन गरिएको थियो ।

कोभिड १९ (कोरोना भाइरस) का कारण लकडाउनको अवधिमा चालु रहेका विकास निर्माणका आयोजनाहरुको अनुगमन तथा सो अवधिमा बाँकि विकास निर्माणका कार्य कसरी सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा यस समिति अन्तर्गतका ४ वटै मन्त्रालयका

सचिवज्यूहरुसँग को छलफल एवं स्वास्थ्य सुरक्षा विधि अपनाउँदै यस आर्थिक वर्षमा सम्पन्न गर्न नसक्दा राज्यलाई ठूलो आर्थिक क्षति हुन सक्ने आयोजनाहरु सुचारु गर्न गरिएको निर्देशन पनि महत्वपुर्ण रह्यो। जसका कारण मन्त्रालयहरुले सम्भावनाको खोजि गरी सम्भव भएसम्मका आयोजनाहरु को काम अगाडी बढाउने कार्य समेत गरिरहेका छन्।

यस अवधिमा संघिय संसद प्रतिनिधि सभाको अर्थ समिति र विकास तथा प्रविधि समितिसँग गरिएको अन्तर्क्रिया साथै यस समितिको आयोजनामा लकडाउनकै समयमा ७ वटै प्रदेशका अर्थ समितिका सभापतिहरुको बीचमा भिडियो कन्फेरेन्सको माध्यमबाट गरिएको मिटिङले समितिका आगामी काम कारवाही अझ व्यवस्थित रुपले अगाडी बढाउन महत्वपुर्ण अनुभव प्राप्त भयो।

माननीय सभामुख महोदय,

हामीले ठुलो त्याग तपस्या र बलिदानका साथ ठुलो राजनीतिक परिवर्तन गर्‍यौं। एकात्मक, निरङ्कुश राज्यव्यवस्थाको स्थानमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्‍यौं तर हाम्रो काम गर्ने कार्यशैलीहरुमा परिवर्तन गर्न सकिरहेका छैनौं, बजेट अन्तिम चौमासिकमा मात्र ठुलो खर्च गर्दछौं, काम गुणस्तरीय र समयमा सक्दैनौ, तुलनात्मक रुपले सुधार आएपनि यसलाई जनअपेक्षा र आजको आवश्यकता अनुसार हाम्रो कार्यशैलीमा परिवर्तन गर्नुपर्ने र प्रदेश सरकारको आफ्नो आन्तरिक आयमा बृद्धि गर्दै राजश्वको दायरा बढाउदै लैजानुपर्ने, चालु खर्च घटाउदै पुजीगत खर्च समयमा नै गर्नुपर्ने आवश्यकता देखिन्छ। यस तर्फ प्रदेश सरकार (सम्बन्धित मन्त्रालयहरु) को विशेष ध्यान जानेछ भन्ने अपेक्षा गर्दछु।

सरकारको काम कारवाहीलाई खाली औंला ठड्याउने, कमि कमजोरीका बारे प्रश्न गर्ने मात्र होइन रचनात्मक र सिर्जनात्मक रुपले सरकारका कामलाई (सम्बन्धित मन्त्रालय) व्यवस्थित गर्न सहयोग गर्नु पनि समितिको कर्तव्य हुन आउँछ । म विश्वास दिलाउन चाहन्छु कि आगामी दिनहरुमा समितिले सोही अनुसार आफ्नो कार्यहरु अझ व्यवस्थित र क्रियाशिल बनाउने छ साथै म अपेक्षा गर्दछु कि सरकार (सम्बन्धित मन्त्रालयहरु) ले पनि समितिका राय सल्लाह सुझाव एवं आवश्यक निर्देशनलाई अझ गम्भिरतापूर्वक लिई समयमा नै कार्यान्वयन गर्नेछन् ।

सरकार, सदन वा समितिहरु अन्ततः एउटै उद्देश्यमा केन्द्रित छन् । त्यो हो समृद्ध प्रदेश र सुखि नागरिकको नारालाई सार्थक बनाउनु। यो महान अभियानमा हामी सबै पक्षहरु एकताबद्ध भएर अघि बढौं भन्ने म विशेष अपील पनि गर्न चाहन्छु।

अन्त्यमा, यो समितिलाई अभिभावकत्व प्रदान गर्नुहुने माननीय सभामुख, माननीय उपसभामुख, समितिका माननीय सदस्यहरु, प्रदेश सरकार, सम्बन्धित मन्त्रालयहरु, प्रदेश सभाका सचिव एवं सचिवालयका सम्पूर्ण कर्मचारीहरु, मर्यादापालक एवं सुरक्षाकर्मीहरु, समितिको काम कारवाहीहरुलाई आम नागरिक समक्ष सु-सूचित गर्नु हुने संचारकर्मीहरु लगायत सबैलाई समितिको तर्फबाट हार्दिक धन्यवाद दिंदै गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम ७ बमोजिम सम्मानित सभा समक्ष यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु ।

धन्यवाद।

(दीपक कोइराला)
सभापति
अर्थ तथा विकास समिति

# विषयसूची

परिच्छेद : १

प्रारम्भिक

१.१ पृष्ठभूमि
१.२ समितिको गठन र कार्यक्षेत्र
१.३ समितिको काम कर्तव्य र अधिकार
१.४ कार्यविधि र प्रक्रिया
१.५ सिमा
१.६ प्रतिवेदनको संरचना

परिच्छेद : २

सम्पादित कार्यहरु

२.१ समितिको बैठक, निर्णय तथा निर्देशन

परिच्छेद : ३

निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था
३.२ कार्यसम्पादनमा देखा परेका समस्या

परिच्छेद : ४

निष्कर्ष, सुझाव तथा सिफारिस

४.१ निष्कर्ष
४.२ सुझाव तथा सिफारिस

अनुसूची - १

समिति गठन हुँदा रहनु भएका माननीय सदस्यहरुको नामावली

अनुसूची - २

समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

अनुसूची - ३

समिति सचिवालयसंग सम्बद्ध कर्मचारीहरुको नामावली

सूची - ४

अर्थ तथा विकास समितिको कार्यविधि, २०७५

# परिच्छेद - १
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

संघीय शासन व्यवस्थाको पृष्ठभूमिमा नेपालले परिकल्पना गरेको सुखी नेपाली र समृद्धि नेपालको अवधारणालाई मूर्तरुप दिन मुलुकमा सुशासन आवश्यक हुन्छ । विकास र समृद्धिले नै सुशासनलाई प्रत्याभूत गर्दछ । यस अर्थमा, सार्वभौम जनताको प्रतिनिधिमुलक संस्था व्यवस्थापिका संसदमा मुलुकको सर्वाङ्गीण विकासका लागि Watch Dog को भूमिकामा काम गर्न विभिन्न विषयगत समितिहरु रहने व्यवस्था कुनै पनि लोकतान्त्रिक मुलुकको संविधानमा गरिएको हुन्छ । नेपालको संविधानले सातै प्रदेशमा एक—एक वटा प्रदेश सभा र सो अन्तर्गत विभिन्न विषयगत समितिहरु गठन गर्न सकिने व्यवस्था गरेको छ ।

मिनि पार्लियामेन्टका रुपमा चिनिने संसदीय समितिको प्रभावकारिता, कार्यकुशलता र सक्रियताले प्रदेश सभाको गरिमा र मर्यादा कायम गर्न सघाउ पुर्‍याउनेछ । समितिको प्रभावकारितामा सभाको प्रभावकारिता निर्भर हुने हुँदा समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै सरकारलाई जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्छ । समितिले आफ्नो कार्यक्षेत्र भित्रका सरकारी निकायहरुको नीति योजना कार्यक्रम बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन् । त्यस्तै , आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधानमा समेत सहयोग पुर्‍याउँदछन् । सुशासनको माध्यमबाट मुलुकमा स्थायित्व विकास र समृद्धि हासिल गर्न समितिले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ । संसदीय व्यवस्थामा समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना काम कारवाही सुचारु रुपमा संचालन गर्ने, सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै प्रदेशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने गर्दछन् ।

संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी र जबाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमाबली, २०७४ को नियम १४६ बमोजिमका विषयगत समितिहरु मध्ये अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । यस समितिले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषय क्षेत्रमा आवश्यक राय सल्लाह सुझाव तथा निर्देशन दिने कार्य गर्दछ ।

## १.२ समितिको गठन र कार्यक्षेत्र

संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सभाले नियमावली बमोजिम आवश्यकता अनुसार समिति वा विशेष समिति गठन गर्न सकिने प्रावधान रहेको छ । त्यस्तै प्रदेश सभा नियमाबली, २०७४ को नियम १४५ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि विषयगत समिति र विशेष समिति गठन गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप नियम १४६ बमोजिमका कार्यक्षेत्र भएका देहायका विषयगत समितिहरु गठन गरिएका छन्।

१. विधायन समिति,
२. सार्वजनिक लेखा समिति,
३. प्रदेश मामिला समिति र
४. अर्थ तथा विकास समिति ।

प्रदेश सभा नियमावली, २०७४ अनुसार अर्थ तथा विकास समितिलाई तोकिएका कार्यक्षेत्रहरु निम्न छन् ।

- आर्थिक मामिला तथा योजना मन्त्रालय,
- भौतिक पूर्वाधार विकास मन्त्रालय,
- उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्वन्धित विषय क्षेत्र ।

उल्लेखित मन्त्रालयहरुका माननीय मन्त्रीहरु पदेन सदस्य रहने गरी सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभाको सहमती लिई प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिमका पदेन सदस्य सहित बढीमा पन्ध्र जना सदस्यहरु समिति गठनका सन्दर्भमा मनोनयन गर्ने व्यवस्था रहेको छ ।

## १.३ समितिको काम, कर्तव्य र अधिकार

समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेख गरिएको छ । उक्त नियमको उपनियम १ मा आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही अर्थ तथा विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ ।

क) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

ख) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको राजश्व र व्यय सम्वन्धि अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्वन्धमा सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

ग) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय—समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्धारा के—कस्ता कदम उठाएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

घ) विषयसँग सम्वन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।

ङ) सभाद्धारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम, संविधान, सम्वन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्धारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

च) प्रदेश सरकारद्धारा समय—समयमा गठन हुने छानविन आयोग/समितिद्धारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।

छ) मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आबश्यक निर्देशन दिने ।

ज) बैठकले सुम्पेको अन्य काम गर्ने ।

झ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम संचालन गर्ने ।

उल्लेखित् काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्यसम्पादन गर्दा समितिले सम्वन्धित मन्त्रालय तथा निर्देशनालय, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत छलफल गर्न सक्ने, आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने, समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्ने र बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगाबै र अन्य प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने जस्ता व्यवस्थाहरु रहेका छन् ।

## १.४ कार्यविधि र प्रक्रिया

नेपालको संविधान, प्रदेश सभा नियमावली, २०७४ र सो अन्तर्गत तर्जुमा गरिएको समितिको आन्तरिक कार्यविधि, २०७५ बमोजिम समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको

छ। समितिको कार्य सम्पादनको शिलशिलामा आवश्यकतानुसार प्रदेश सरकारका मन्त्री, सचिव, विभागीय प्रमुख, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुलाई समिति समक्ष आमन्त्रण गरी छलफल र अन्तर्क्रिया गर्ने गरेको छ। बैठकमा निर्णय लिंदा सहमतीय प्रक्रियालाई जोड दिंदै आएको छ ।

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकतानुसार बोलाउन सक्ने, बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । साथै समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनु पर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणिकरण सभापतिले गर्ने व्यवस्था रहेको छ ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उपसमिति गठन गर्न सकिने व्यवस्था छ ।

## १.५ सीमा

समितिमा उपयुक्त सभाकक्ष, सभापतिको कार्यकक्ष, आवश्यक बजेट, अपेक्षित जनशक्ति, सूचना प्रविधि र तथ्याङ्क, अध्ययन अनुसन्धान, अन्तर समिति समन्वय, पर्याप्त स्थलगत अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि जस्ता पक्षहरु कार्य सम्पादनको सिलसिलामा सिमाको रुपमा रहेका छन् ।

## १.६ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद-१ मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, समितिको गठन र कार्यक्षेत्र, समितिको काम कर्तव्य र अधिकार, कार्यविधि र प्रक्रिया, सीमा तथा प्रतिवेदनको संरचना उल्लेख गरिएको छ ।

परिच्छेद-२ मा सम्पादित कार्य अन्तर्गत समितिको बैठक, निर्णय तथा निर्देशन सम्बन्धी कार्य र अन्य कार्य प्रस्तुत गरिएको छ । त्यसै गरी परिच्छेद-३ मा निर्णय/निर्देशन कार्यान्वयनको अवस्था र कार्य सम्पादनमा देखा परेका समस्याहरु सम्बन्धमा उजागर गरिएको छ । त्यस्तै परिच्छेद-४ मा निष्कर्ष, सुझाव तथा सिफारिस बारे उल्लेख गरिएको छ। प्रतिवेदनको अन्त्यमा अनुसूचीहरु समावेश गरिएको छ ।

# परिच्छेद - २

# सम्पादित कार्यहरु

## २.१ समितिको बैठक, निर्णय तथा निर्देशन

समितिको गठनदेखि आ.व. २०७६/०७७ जेठ सम्ममा जम्मा ३३ बटा र चालु आ.ब. को जेठ सम्ममा मात्र जम्मा १५ वटा वैठक सम्पन्न भएका र यस अवधिमा सम्पन्न भएका अधिकांश बैठकहरु मूलतः समितिका काम कारवाहीहरुलाई व्यवस्थित बनाउने, योजना, बजेट र संचालित विकास कार्यक्रमहरुको निगरानी—अनुगमन गर्ने र सो सम्वन्धमा आवश्यकतानुसार निर्देशन गरी प्रतिवेदन दिने जस्ता विषयमा केन्द्रित रहेकाछन् ।

उल्लेखित सन्दर्भमा, समितिका सम्पन्न बैठक, गरिएका निर्णय र निर्देशनको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

**बैठक संख्या : १९**

**मिति : २०७६।०४।१७**

**छलफलको विषय :** भ्रमण वर्ष सम्बन्धमा ।

<u>**निर्णय :-**</u>

- उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री श्री विकास लम्सालसँग मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धीत विभिन्न बिषयमा अन्तरक्रिया तथा छलफल सौहार्दपूर्ण रुपमा सम्पन्न भयो । समितिको छलफल तथा अन्तरक्रियामा उठेको प्रश्न तथा जिज्ञासाहरुको माननीय मन्त्रीज्यूद्धारा जवाफ दिनुभयो ।
- बैठकले मन्त्रालयलाई आन्तरिक भ्रमण वर्ष २०१९ सोचे जस्तो प्रभावकारी रुपले अघि वढ्न नसकेकोले, वांकी रहेको समयमा ठोस, मूर्त र व्यवस्थित कार्ययोजना निर्माण गरी भ्रमण वर्षको कामलाई अघि वढाउन निर्देशन दिने निर्णय गऱ्यो । साथै **छिमेकी भ्रमण वर्ष २०२०** तथा सन् २०२२ सम्ममा प्रति बर्ष २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ घोषणा गरिएको **अन्तराष्ट्रिय भ्रमण वर्ष**लाई लक्ष्य पूरा हुने गरी प्रचार प्रसार एवं भौतिक पूर्वाधार लगायतका विषयहरुलाई व्यवस्थित गर्न आवश्यक रणनीति बनाएर अघि वढ्न निर्देशन गर्ने निर्णय गरियो ।
- यसका साथै पचभैया प्राणी उद्यान (जुलोजिकल पार्क) निमार्ण सम्वन्धमा स्थानीय रुपमा जे जस्ता विवादहरु उत्पन्न भएका छन्, तिनलाई प्रचलित ऐन कानूनका आधारमा समयमा नै हल गरी जुलोजिकल पार्कको कामलाई व्यवस्थित रुपमा अघि वढाउन, गोरखाकाली रबर उद्योगका सन्दर्भमा समितिले बुझाएको प्रतिबेदनलाई आधार मानी संघीय सरकारसँग

समन्वय गरी प्रदेश सरकार मातहत ल्याउन पहल गर्न मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

**बैठक संख्या : २०**

**मिति : २०७६।०४।२१**

**छलफलको विषय :** पोखरामा सञ्चालित मिटर ट्याक्सीसँग सम्बन्धित समस्याका सम्बन्धमा ।

**निर्णय :-**

पोखरामा सञ्चालित मिटर ट्याक्सीहरुसँग सम्बन्धित समस्याका बारेमा भौतिक पूर्वाधार विकास मन्त्रालय र सरोकारवालाहरुबीच अन्तरक्रिया तथा छलफल आयोजना गरी मन्त्रालयलाई आवश्यक निर्देशन गर्ने निर्णय गरियो ।

**बैठक संख्या : २१**

**मिति : २०७६।०५।११**

**छलफलको विषय :** समितिको वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

**निर्णय :-**

प्रदेश सभाको बैठक समक्ष समितिको वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा प्रतिवेदनको मस्यौदा माथी छलफल गरी प्राप्त सुझाव सहित परिमार्जन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

**बैठक संख्या : २२**

**मिति : २०७६।०५।१७**

**छलफलको विषय :** पोखरामा सञ्चालित मिटर ट्याक्सीका समस्या सम्बन्धमा

**निर्णय :**

भौतिक पूर्बाधार विकास मन्त्रालयका मन्त्री माननीय रामशरण बस्नेत लगायत विभिन्न सरोकारवालाहरु को उपस्थितिमा पोखरामा सञ्चालित मिटर ट्याक्सिसँग सम्बन्धित समस्या र सोको समाधानका विषयमा अन्तरक्रिया तथा छलफल सौहार्दपूर्ण रुपमा सम्पन्न भयो। समितिको छलफल तथा अन्तरक्रियामा उठेको प्रश्न तथा जिज्ञासाहरुको माननीय मन्त्रीज्यूद्वारा जवाफ दिनुभयो ।

- पोखरामा सञ्चालित मिटर ट्याक्सीको सम्बन्धमा देखिएको समस्यालाई बिशेष प्राथामिकतामा राखेर तुरुन्त हल गर्न भौतिक पूर्बाधार विकास मन्त्रालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**बैठक संख्या : २३** **मिति : २०७६।०८।२७**

**छलफलको विषय :** समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयहरुका योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धमा।

**निर्णय :**

समितिको कार्यक्षेत्रसँग सम्बन्धित भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका योजना तथा कार्यक्रमको उपयुक्त समयमा अनुगमनका लागि आवश्यक तयारी गर्न सचिवालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**बैठक संख्या : २४** **मिति : २०७६।०९।२२**

**छलफलको विषय :** क. समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयहरुका योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धमा।

ख. वनसँग सम्बन्धित समस्याहरुको अध्ययन सम्बन्धमा

ग. मन्त्रालयको प्रगति विवरण सम्बन्धमा ।

**निर्णय :**

समितिको कार्यक्षेत्रसँग सम्बन्धित भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका योजना तथा कार्यक्रमको उपयुक्त समयमा अनुगमनका लागि आवश्यक तयारी गर्न सचिवालयलाई निर्देशन गर्ने ।

२. गण्डकी प्रदेश अन्तर्गतका वन सँग सम्बन्धित समस्याहरुको सम्बन्धमा अध्ययन गरी २०७६ माघ मसान्त भित्रमा समितिलाई प्रतिवेदन दिन निम्न सदस्यीय कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| माननीय जनकलाल श्रेष्ठ | संयोजक |
| माननीय डोवाटे विश्वकर्मा | सदस्य |
| माननीय विनोद के.सि. | सदस्य |
| श्री टंक वाग्ले | अधिकृत कर्मचारी |

३. प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ र ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धि ऐन, २०७५ को कार्यान्वयन अवस्था तथा प्रदेश दुग्ध विकास वोर्ड र ताल संरक्षण तथा विकास प्राधिकरण गठन एवं मिटर ट्याक्सीको समस्या समाधान सम्बन्धमा भएको प्रगति सम्बन्धमा तिन दिन भित्र सचिवालयमा आउने गरी सम्बन्धित मन्त्रालयसँग लिखित जवाफ माग्ने ।

**बैठक संख्या : २५** **मिति : २०७६।१०।२१**

**छलफलको विषय :** क.समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयहरु अन्तर्गत सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा
ख. समितिको वेबसाइट सम्बन्धमा
ग. इट्टा भट्टीको समस्या सम्बन्धमा
घ. गुठी समस्या सम्बन्धमा

**निर्णय :**

१. सम्बन्धित मन्त्रालयबाट प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ र ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धि ऐन, २०७५ को कार्यान्वयन अवस्था, प्रदेश दुग्ध विकास वोर्ड र ताल संरक्षण तथा विकास प्राधिकरण गठन तथा मिटर ट्याक्सीको समस्या समाधान सम्बन्धमा भएको प्रगति सम्बन्धमा प्राप्त पत्रहरुको समिक्षा गरियो ।
२. समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयहरु अन्तर्गत सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा सम्बन्धित महाशाखा, निर्देशनालय र कार्यालयहरुसँग छुट्टाछुट्टै अन्तरक्रिया तथा छलफल गर्ने ।
३. समितिको आफ्नो छुट्टै वेबसाईट तथा मोबाइल एप निर्माण गर्ने र सोको लागि आवश्यक व्यवस्था गर्न सचिवालयलाई निर्देशन गर्ने ।
४. इट्टा भट्टा को समस्या सम्बन्धमा थप अध्ययन गर्ने ।
५. गुठी समस्या समाधान सम्बन्धमा समितिले अध्ययन प्रतिवेदन निर्माण गरी सभामा पेश गर्ने ।

**बैठक संख्या : २६** **मिति : २०७६।१०।२९**

**छलफलको विषय :** भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेका योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा ।

**निर्णय :**

१. समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय-भुमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका योजना अनुगमन महाशाखाका प्रमुख तथा प्रदेश दुग्ध विकास वोर्डका कार्यकारी निर्देशक श्री डा. गृष्म न्यौपानेको उपस्थितिमा मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । बैठकमा, मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रमको अनुगमन प्रक्रियालाई बैज्ञानिक र व्यवस्थित गर्न समितिको तर्फबाट निर्देशन गर्ने निर्णय गरियो ।

**बैठक संख्या : २७** **मिति :२०७६।१२।०२**

**छलफलको विषय :** क. बजार अनुगमन सम्बन्धमा ।

**निर्णय :**

१. कोरोना (कोभिड १९) भाइरसको सन्त्रास र त्यसले निम्त्याएको जोखिमका वीच बजारमा सामान अभाव रहेको, अत्याधिक मूल्यबृद्धि भएको जस्ता जनगुनासाहरु सुन्नमा आएको हुँदा सो सम्बन्धमा समितिको कार्यक्षेत्रसँग सम्बन्धित निकाय-प्रदेश बजार अनुगमन समितिका पदाधिकारीहरुको उपस्थितिमा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । यस सम्बन्धमा प्रदेश बजार अनुगमन समितिले खेलेको भूमिका सन्तोषजनक रहेको उल्लेख गर्दै समितिको तर्फबाट निम्न विषयमा निर्देशन गर्ने निर्णय भयो ।

- बजार अनुगमनलाइ निश्चित कार्ययोजना निर्माण गरी नियमित रुपमा कार्य अघि बढाउने ।
- अनुगमन सम्बन्धमा भएको प्रगतिको प्रतिवेदन हरेक तीन महिनामा समितिलाई उपलब्ध गराउने ।
- अनुगमनमको क्रममा कारवाहीमा परेका व्यवसायलाइ के कारवाही भयो भन्ने पनि सार्वजनिक रुपमा जानकारी गराउनुपर्ने।

**बैठक संख्या : २८** **मिति : २०७७।१।१४**

**छलफलको विषय :** covid-19 रोग र यसले बजारको सामान आपुर्तिमा पारेको प्रभाव ।

**निर्णय :**

covid-19 रोग र यसले बजारको सामान आपुर्तिमा पारेको प्रभाव अनुगमनका लागि अर्थ तथा विकास समिति र गण्डकी प्रदेश बजार अनुगमन टोलिको बीचमा खाद्यान्न लगायत सामानहरुको माग र आपुर्तिका बारेमा छलफल गरी बजारलाई सहज बनाउने र बजारमा समानको अभाव हुन नदिने विषयमा व्यापक छलफल भयो।समितिले प्रदेश बजार अनुगमन टोलिले हालसम्म गरेका कामका लागि धन्यवाद दिँदै आगामी दिनमा बजार अनुगमनलाई थप प्रभाकारी बनाउन निर्देशन दिने निर्णय गर्यो।

**बैठक सँख्या :२९** **मिति:२०७७।१।१८**

**छलफलको विषय :** क. कोभिड १९ का कारण गण्डकी प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या सम्बन्धमा

**<u>निर्णय :</u>**

१. विश्वव्यापि रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड-१९) बाट गण्डकी प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा देखा परेका समस्या र त्यसको समाधानका विषयमा यस समितिको कार्यक्षेत्र भित्र पर्ने चार मन्त्रालयका सचिवज्यूहरु समेतको उपस्थितिमा समितिले आवश्यक छलफल गरी सम्बन्धित मन्त्रालयलाई निम्नानुसार निर्देशन दिने निर्णय गरियो ।

- चालु आ.ब. ०७६।७७ को बार्षिक बजेट तथा कार्यक्रमको प्रगति सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग विवरण माग गर्ने ।
- कोभिड १९ को कारण लकडाउनको अवस्थाले चालु आ.ब.मा सम्पन्न गर्न नसक्दा ठूलो आर्थिक क्षति हुनसक्ने विकास आयोजनाहरुको प्राथामिकीकरण गरी सम्बन्धित मन्त्रालयले उचित व्यवस्थापन सहित यसै आर्थिक बर्षमा सम्पन्न गर्न निर्देशन गर्ने ।
- प्रदेशको वार्षिक विकास कार्यक्रमहरुको कार्यान्वयन गर्दा सम्बन्धित मन्त्रालयहरुको विचमा आवस्यक समन्वय गर्ने ।
- बजेट कार्यान्वयनलाई पारदर्शी बनाउने, बजेट खर्च गर्दा अन्तिम चौमाशिकमा मात्र धेरै खर्च गर्ने कार्यलाई निरुत्साहित गर्ने र आ.ब. शुरु भएदेखि नै विकास निर्माणका कामहरु उच्च प्राथामिकतामा राखेर गर्ने व्यवस्था मिलाउने ।

**बैठक संख्या : ३०** **मिति : २०७७।१।२८**

**छलफलको विषय :**

क. भुमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था तथा आगामी वर्षको वार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा।

ख. कृषि अनुदान सम्बन्धमा

ग. पछिल्लो समय कोरोना (कोभिड १९) भाइरस र असिना पानीले कृषि क्षेत्रमा पारेको प्रभाव सम्बन्धमा

**<u>निर्णय</u>**

१. समितिको आजको बैठकमा, गण्डकी प्रदेश सरकारको चालु आर्थिक बर्षको बजेट कार्यान्वयनको अवस्था, आर्थिक बर्ष २०७७।०७८ को बार्षिक बजेट तथा कार्यक्रमको तर्जमा, कृषि अनुदान, पछिल्लो समय कोरोना (कोभिड १९) भाइरस र असिना पानीले कृषि क्षेत्रमा पारेको प्रभावलगायतका विषयमा प्रदेश सरकारका भुमिव्यवस्थ कृषि तथा सहकारी मन्त्री माननीय लेखबहादुर थापा मगरको समुपस्थितिमा, बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । साथै, बैठकमा समितिको तर्फबाट मन्त्रालयलाई निम्न विषयमा सुझाव तथा निर्देशन दिने निर्णय गरियो ।

- आगामि नीति कार्यक्रम तथा बजेट कृषक मैत्री बनाउने ।

- आगामी नीति तथा कार्यक्रम र बजेटमा कृषिलाई आधुनिकीकरण गर्ने व्यवस्था मिलाउने ।
- प्रदेश भित्र कृषकले उत्पादन गरेको बस्तुको बजार ग्यारेण्टी प्रदेश सरकारले गर्ने गरी व्यवस्था मिलाउने ।
- सबै प्रकारका किसानको लागत राख्ने ।
- कृषि विमालाई प्रभावकारी बनाउने ।
- कोभिड-१९ र असिना पानीले कृषिक्षेत्रमा पारेको प्रभावको वस्तुगत मूल्यांकन गरी कृषकलाई राहत उपलब्ध गराउने ।
- कृषि अनुदानलाई पारदर्शी र वास्तविक किसान समक्ष पुग्ने गरी व्यवस्था गर्ने साथै कृषि कार्यको लागी सहुलियत व्याजदरमा सुलभ तरिकाले ऋण उपलब्ध गराउने व्यवस्था गर्ने।
- श्रावण महिनामै कार्यविधि निर्माण गरेर कार्यक्रम सम्पन्न गर्न तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सहयोग पुग्ने गरी आवश्यक व्यवस्था मिलाउने ।
- कृषिलाई रोजगारी र समृद्धि सँग जोडेर युवा लक्षित कार्यक्रम तय गर्ने ।
- मल बिउ समयमै उपलब्ध गराउने व्यवस्था मिलाउने।

**बैठक संख्याः-३१** **मितिः२०७७/२/५**

**छलफलको विषय :** उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालयको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था तथा आगामी वर्षको वार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा।

**<u>निर्णयः-</u>**

१. उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालयको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था तथा आगामी वर्षको वार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा प्रदेश सरकारका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री माननीय विकास लम्सालको समुपस्थितिमा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। बैठकमा समितिका माननीय सभापति दिपक कोइरालाले वजार अनुगमन र आपुर्ति तथा राहत वितरणको काम प्रभावकारी भएकोमा मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्नुभयो। साथै बैठकमा समितिको तर्फबाट मन्त्रालयलाई निम्न विषयमा सुझाव तथा निर्देशन दिने निर्णय गरियो।

- अन्तिम चौमासिकमा मात्र बजेट खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै श्रावण महिनामै कार्यविधि निर्माण गरेर कार्यक्रम सम्पन्न गर्न तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सहयोग पुग्ने गरी आवश्यक व्यवस्था मिलाउन ।
- आगामी आर्थिक वर्षको बजेटमा पर्यटन क्षेत्रलाई विशेष राहत प्याकेज घोषणा गर्न।

- वनलाई उत्पादन, उपयोग र समृद्धिसँग जोडेर काठमा आत्मनिर्भर बन्ने र रोजगारी सृजना गर्ने गरी कार्यक्रम बनाउन।
- औद्योगिक क्षेत्र (औद्योगिक ग्राम) स्थापनाको कार्यालाई प्रभावकारी रुपले अगाडी बढाउन।

**बैठक संख्याः-३२** **मितिः२०७७/२/९**

**छलफलको विषय :** भौतिक पुर्वाधार विकास मन्त्रालयको मन्त्रालयको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था तथा आगामी वर्षको वार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा

**निर्णयः-**

१. भौतिक पुर्वाधार विकास मन्त्रालयको चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था तथा आगामी वर्षको वार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा प्रदेश सरकारका भौतिक पुर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतको समुपस्थितिमा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। साथै बैठकमा समितिको तर्फबाट मन्त्रालयलाई निम्न विषयमा सुझाव तथा निर्देशन दिने निर्णय गरियो।

- अन्तिम चौमासिकमा मात्र बजेट खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै श्रावण महिनामै कार्यविधि निर्माण गरेर कार्यक्रम सम्पन्न गर्न तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सहयोग पुग्ने गरी आवश्यक व्यवस्था मिलाउने ।
- अघिल्ला वर्षका अधुरा योजनाहरुलाई निरन्तरता दिदै काम सम्पन्न गर्ने।
- बजेट विनियोजन गर्दा आवश्यकताका आधारमा प्रदेश भित्र समानुपातिक रुपले विकास गर्ने गरी कार्यक्रम बनाउन
- योजनाको कार्यान्वयन समयमै र गुणस्तरीय रुपमा गर्ने।

**बैठक संख्याः-३३** **मितिः२०७७/२/२४**

**छलफलको विषय :** समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा

**निर्णयः-**

- समितिको आर्थिक वर्ष ०७६/०७७ को बार्षिक प्रतिबेदनको मस्यौदामाथि छलफल गरी प्राप्त सुझाव सहित परिमार्जन गरी प्रदेश सभामा पेश गर्ने निर्णय गरियो ।

## २.२ अन्य कार्य

उल्लेखित निर्णयहरु एंव निर्देशनहरुको अलावा समितिद्धारा समितिका सभापतिको नेतृत्वमा पोखरा महानगरपालिका १४ र २६ जोडने डहरे साँघु पुलको २०७६ कार्तिक ३ गते अनुगमन गरी निर्माणको ठेक्का पाएको निर्माण कम्पनी स्मार्ट सिभिल कन्ट्रक्सन जेभिका प्रतिनिधिलाई काम तत्काल शुरु गरेर सम्झौता अबधी सम्म नै काम सम्पन्न गर्न निर्देशन दिइएको थियो ।

समितिका सभापति दीपक कोइरालाको नेतृत्वमा समितिले मिति २०७६ फाल्गुण २१ र २२ गत नवलपुर (नवलपरासी सुस्ता पुर्व) जिल्लामा कार्यान्वयनमा आएको बैज्ञानिक बन ब्यबस्थापन प्रणाली लागु भएको बनको अध्ययन तथा अनुगमन गरको थियो । त्यस्तै समितिले नवलपुरको दुम्कीबास अरुण खोला, सरकार द्वारा ब्यबस्थित चकला बन,विजय सामुदायिक बन, मध्यविन्दु साझेदारी बन र हरियाली सामुदायिक बनको अध्ययन तथा अनुगमन गरेको थियो ।

समितिको अनुगमन टोलीले मिति २०७६ फाल्गुन २१ गते गण्डकी प्रदेश सरकारको एक निर्बाचन क्षेत्र एक नमुना सडक अन्तरगत नवलपुर निर्बाचन क्षेत्र नं २ (२)मा निर्माणधिन मध्यविन्दु नगरपालिका क्याम्पस चोक देखि बतास जलुके हुदै प्रदेश नं ५ निस्दी सडकको अनुगमन गरी निर्धारति समय भित्र निर्माण कार्य सम्पन गर्न अनुगमन समितिले निर्देशन समेत दिएको थियो ।

समितिले नवलपुरकै निर्माणधिन प्रसौनी भ्यूरान सिंचाई आयोजनाको निरिक्षण गरी गुणस्तरीय काम गर्न र निर्धारित समय भित्रै निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन समेत दिएको थियो ।

समितिले फाल्गुन २२ गते नवलपुरको चिलाहा रतवल सामुदायिक ग्रामीण होमस्टेको पनि अनुगमन गरेको थियो । सभापति कोइरालाको नेतृत्वमा गएको अनुगमन टोलीले होमस्टे सञ्चालकहरुसंग होमस्टेको सम्भावना र चुनौतीको बारेमा छलफल समेत गरेको थियो ।

समितिका सभापति माननीय दीपक कोइरालाको नेतृत्वमा मिति २०७७ वैशाख ८ गते मादी गाउँपालिका कास्कीको महत्वपुर्ण योजना मध्येको एक मादीनदी ज्याम्दु मोटरेवलपुलको अनुगमन सम्पन्न भएको थियो । समितिले भौतिक पूर्वाधार विकास कार्यलयका प्राविधिक र निर्माण कम्पनीका प्रतिनिधिलाई निर्माण कार्य बर्खा लाग्नु अगाडिनै सक्न र गुणस्तरीय कार्य गर्न निर्देशन समेत दिएको थियो ।

समितिका सभापति माननीय दीपक कोइरालाको नेतृत्वमा मिति २०७७ वैशाख १० गते पोखरा २२ स्थिति फुस्रेखोला चिसापानी जोड्ने मोटरेबल पूलको अबलोकन तथा अनुगमन सम्पन्न भएको थियो ।समितिले बर्खाको समयमा खोलामा आउने बाढीको कारण पुलनिर्माण ठुलो क्षति हुने भन्दै तत्काल पूल ढलान गर्न, काम समयमै सम्पन्न गर्न र गुणस्तरीय बनाउन निर्देशन समेत दिएको थियो ।

समितिका सभापति माननीय दीपक कोइरालाको नेतृत्वमा कास्की जिल्ला पो. म.न.पा. वडा नं. ३१ स्थित पुननिर्माण भइरहेको बेगनास ड्यामको मिति २०७७ वैशाख १६ गते अनुगमन गरी समितिले निर्माण कम्पनी र सम्बन्धीत कार्यलयका प्राविधिकलाई श्रमिकको स्वास्थ्य प्रति सावधानी अपनाउदै तोकीएको समय सिमा भित्र गुणस्तरीय काम गर्न निर्देशन समेत दिएको थियो

संघीय सभा, प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिको आयोजनमा गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति सहित सदस्यहरु, माननीय मुख्यमन्त्री सहित माननीय मन्त्रीहरु, प्रदेश नीति योजना आयोग समेतको सहभागितामा २ दिने अर्न्तक्रियामा सहभागिता हुनुभएको थियो। साथै समितिका माननीय सभापति र सचिव संघीय सभा, अर्थ समिति द्वारा काठमाडौमा

आयोजित सबै प्रदेश सभाका अर्थ समितिका सभापतिहरु र समितिका सचिवहरुको अन्तर्क्रियामा सहभागि हुनुभएको थियो।

यस समितिले आ.व २०७७।७८ को बजेट निर्माणका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयका संग छलफल गरि आगामी बजेटमा निम्न कुराहरु समेटनिुपर्ने सुझाब समेत दिएको थियो।।

(क) आगामी बजेट कोरोना महामारी विरुद्ध लड्न केन्द्रीत हुनुपर्ने , स्वास्थ्यलाई दिर्घकालिन महत्वका साथ हेरी बजेट आउनु पर्ने ।

(ख) कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउने र रोजगारी सृजना गर्ने, कृषि जन्य बस्तुमा आधारित उद्योग सञ्चालन गर्न ।

(ग) कोभिड १९को कारणले पर्यटन क्षेत्रलाई पारेको प्रभावले अर्थतन्त्रमा पारेको नकारात्मक असर लाइ कम गर्न पर्यटन क्षेत्रलाई राहत प्याकेज बजेटमा समावेश गर्नुपर्ने ।

(घ) अन्तिम चौमासिकमा मात्रै बजेट कार्यान्वयन गर्ने प्रवृतिलाई निरुत्साहित गर्दै प्रथम चौमासिक देखिनै योजनाहरु कार्यान्वयन गर्ने प्रबन्ध मिलाउनुपर्ने ।

यस समितिको आयोजनामा भिडियो कन्फेरेन्सको माध्यमद्वारा सातै प्रदेशका अर्थ समितिका सभापतिहरुसँग कोभिड १९ ले पारेको प्रभाव, प्रदेश सरकारहरुको विकास आयोजनाहरु कार्यान्वयनको अवस्था, समितिहरुको काम कारवाही र अनुभवको आदान प्रदान आदि विषयमा केन्द्रित रहेर सम्पन्न भएको अन्तर्क्रियाबाट आ आफ्नो प्रदेश सरकारलाई निम्न सुझाव दिने निष्कर्ष निकालिएको थियोः

- कोभिड १९ को रोकथामको लागि परिक्षणको दायरा बढाउनुपर्ने ।
- हरेक जिल्लामा पि.सी.आर मेसिन राख्ने व्यवस्था मिलाउनुपर्ने।
- लकडाउनको मोडालिटि परिवर्तन गरेर यो आर्थिक वर्षमा सम्पन्न गर्न नसक्दा राज्यले ठुलो आर्थिक क्षति व्यहोर्नुपर्ने आयोजनाहरुको प्राथामिकीकरण गरी सम्बन्धित मन्त्रालयले उचित व्यवस्थापन सहित यसै आर्थिक बर्षमा सम्पन्न गर्नुपर्ने ।
- प्रदेश सरकारहरुले बजेट निर्माण गर्दा आफ्नो आन्तरिक स्रोतमा बृद्धि गर्दै लैजानुपर्ने।
- अन्तिम चौमासिकमा मात्र बजेट खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै श्रावण महिनामै कार्यविधि निर्माण गरेर कार्यक्रम सम्पन्न गर्न तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सहयोग पुग्ने गरी आवश्यक व्यवस्था मिलाउने ।
- लकडाउनको कारण समस्यामा परेका निम्न आय भएका नागरिकहरुलाई राहत वितरण गर्ने।

# परिच्छेद - ३
# निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

## ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था

समितिले आफ्नो कार्यक्षेत्र भित्रका आवश्यक विषयमा विभिन्न निर्णय लिने र निर्देशनहरु दिने गरेको छ । यसरी लिइएका निर्णयहरु एवं दिइएका निर्देशनहरु मध्ये अधिकांश कार्यान्वयन भएको अवस्था छ भने केही निर्णय तथा निर्देशनहरु कार्यान्वयन हुने प्रक्रियामा रहेका छन्। समितिबाट हालसम्म भएका निर्देशन र तिनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| **क्र.सं.** | **निर्णय निर्देशन** | **कार्यान्वयनको अवस्था** |
|---|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई आन्तरिक भ्रमण वर्ष, २०१९ प्रभावकारी बनाउन र छिमेकी भ्रमण वर्ष २०२० तथा सन् २०२२ सम्ममा प्रतिवर्ष २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ घोषणा गरिएको अन्तर्राष्ट्रिय भ्रमण वर्षको लक्ष्य पुरा हुने गरी आवश्यक रणनिति बनाएर अघि बढ्न निर्देशन गरियो। | आन्तरिक भ्रमण वर्षका केहि कामहरु भएको बाँकि काम कोभिड १९ को कारणले प्रभावित भएको |
| २. | पचभैया प्राणी उद्यान (जुलोजिकल पार्क) निमार्णमा स्थानीय रुपमा जे जस्ता विवादहरु उत्पन्न भएका छन्, तिनलाई प्रचलित ऐन कानूनका आधारमा समयमा नै हल गरी जुलोजिकल पार्कको कामलाई व्यवस्थित रुपमा अघि वढाउन निर्देशन गरियो । | भएको |
| ३. | गोरखाकाली रबर उद्योगका सन्दर्भमा समितिले बुझाएको प्रतिबेदनलाई आधार मानी संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकार मातहत ल्याउन पहल गर्न मन्त्रालयलाइ निर्देशन गरियो । | नभएको |
| ४. | पोखरामा सञ्चालित मिटर ट्याक्सीको सम्बन्धमा देखिएको समस्यालाई बिशेष प्राथामिकतामा राखेर तुरुन्त हल गर्न भौतिक पूर्बाधार विकास मन्त्रालयलाई निर्देशन गरियो। | नभएको |
| ५. | प्रदेश दुग्ध विकास वोर्ड ऐन, २०७५ र ताल संरक्षण तथा विकास प्राधिकरण सम्बन्धि ऐन, २०७५ को कार्यान्वयन अवस्था तथा प्रदेश दुग्ध विकास वोर्ड र ताल संरक्षण तथा विकास प्राधिकरण गठन एवं मिटर ट्याक्सीको समस्या समाधान सम्बन्धमा भएको प्रगति सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग जवाफ माग गरियो। | भएको |
| ६. | मुख्यमन्त्री कृषि कार्यक्रमको अनुगमन प्रक्रियालाई बैज्ञानिक र व्यवस्थित गर्न भुमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाइ निर्देशन गरियो । | आंशिक रुपमा भएको |
| ७. | कोरोना (कोभिड १९) भाइरसको सन्त्रास र त्यसले निम्त्याएको जोखिमका वीच बजारमा सामान अभाव रहेको, अत्याधिक मूल्यबृद्धि | भएको |

| | | |
|---|---|---|
| | भएको जस्ता जनगुनासाहरु सुन्नमा आएको हुँदा प्रदेश बजार अनुगमन समितिलाइ निश्चित कार्ययोजना निर्माण गरी बजार अनुगमन नियमित रुपमा अघि बढाउन निर्देशन गरियो । | |
| ८. | विश्वव्यापि रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड-१९) बाट भएको लकडाउनका कारण चालु आ.ब.मा सम्पन्न गर्न नसक्दा ठूलो आर्थिक क्षति हुनसक्ने विकास आयोजनाहरुको प्राथामिकीकरण गरी सम्बन्धित मन्त्रालयले उचित व्यवस्थापन सहित यसै आर्थिक बर्षमा सम्पन्न गर्न निर्देशन गरियो। | आंशिक रुपमा भएको |
| ९. | समितिको कार्यक्षेत्रसँग सम्बन्धीत मन्त्रालयहरुलाइ बजेट कार्यान्वयनलाई पारदर्शी बनाउने, बजेट खर्च गर्दा अन्तिम चौमाशिकमा मात्र धेरै खर्च गर्ने कार्यलाई निरुत्साहित गर्ने र आ.ब. शुरु भएदेखि नै योजना कार्यान्वयनका कार्यहरु उच्च प्राथामिकतामा राखेर गर्ने व्यवस्था मिलाउन निर्देशन गरियो। | आगामी आर्थिक वर्षको लागि निर्देशन गरिएको |
| १०. | कोभिड-१९ र असिना पानीले कृषिक्षेत्रमा पारेको प्रभावको वस्तुगत मूल्यांकन गरी कृषकलाई राहत उपलब्ध गराउन भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाइ निर्देशन गरियो। | नभएको |
| ११ | आगामी नीति तथा कार्यक्रम र बजेटमा कृषिलाई आधुनिकीकरण गर्ने, कृषकले उत्पादन गरेको बस्तुको बजार ग्यारेण्टी गर्ने, समयमा उचित मल बिउको व्यवस्था गर्ने, कृषि विमालाई प्रभावकारी बनाउने, किसानको लागत राख्ने, कृषि अनुदानलाई पारदर्शी र वास्तविक किसान समक्ष पुग्ने गरी व्यवस्था गर्ने साथै कृषि कार्यलाइ समृद्धि र रोजगारीसँग जोडेर कार्यक्रम बनाउन भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाइ निर्देशन गरियो। | आगामी आर्थिक वर्षको लागि निर्देशन गरिएको |
| १२ | आगामी आर्थिक वर्षको बजेटमा पर्यटन क्षेत्रलाई विशेष राहत प्याकेजको घोषणा गर्न, वनलाई उत्पादन, उपयोग र समृद्धिसँग जोडेर काठमा आत्मनिर्भर बन्ने र रोजगारी सृजना गर्ने गरी कार्यक्रम बनाउन,औद्योगिक क्षेत्र (औद्योगिक ग्राम) स्थापनाको कार्यालाई प्रभावकारी रुपले अगाडी बढाउन उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालयलाई निर्देशन गरियो। | आगामी आर्थिक वर्षको लागि निर्देशन गरिएको |
| १३ | आगामी आर्थिक वर्षको कार्यक्रममा अघिल्ला वर्षका अधुरा योजनाहरुलाई निरन्तरता दिदै आवश्यकताका आधारमा प्रदेश भित्र समानुपातिक रुपले विकास गर्ने गरी कार्यक्रम बनाउन निर्देशन गरियो। | आगामी आर्थिक वर्षको लागि निर्देशन गरिएको |

## ३.२ कार्य सम्पादनमा देखा परेका समस्या

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालयमा आवश्यक पर्ने आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको कमि रहेको। जसका कारण समितिको कार्य सम्पादनमा असहजता आएको छ।
- समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउन सकिएको छैन ।
- समितिलाई अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि पर्याप्त भ्रमण, अध्ययन, तालीम आदि उपलब्ध हुन सकेको छैन ।

# परिच्छेद - ४
# निष्कर्ष, सुझाव तथा सिफारिस

## ४.१ निष्कर्ष

नेपालको संविधानको धारा १९३ मा रहेको व्यवस्था र गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेखित काम कर्तव्य र अधिकारको सीमा भित्र रही यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकायहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार

विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषयमा आवश्यकता अनुसार भूमिका निर्वाह गरि रहेको छ । सम्बन्धित मन्त्रालयहरुलाई आफ्नो नीति योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा आवश्यक राय सल्लाह तथा निर्देशन प्रदान गरी यस समितिले सरकारका क्रियाकलापलाई उत्तरदायी र जवाफदेही बनाउने प्रयास गर्दै आएको छ ।

**४.२ सुझाव तथा सिफारिस**

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालय लगायतमा आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको व्यवस्था हुनु पर्ने ।
- समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउनु पर्ने ।
- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा सहभागी गराउनु पर्ने।
- समितिका सदस्य एवं कर्मचारीहरुलाई पर्याप्त मात्रामा अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका पर्याप्त कार्यक्रम बनाउनुपर्ने ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक अध्ययन अवलोकन भ्रमण, तालीम आदि उपलब्ध गराउनु पर्ने ।
- समितिको कार्यक्षेत्र सँग सम्बन्धित मन्त्रालयहरुका माननीय मन्त्रीज्युहरुलाई समितिमा मताधिकार सहित पदेन सदस्यको रुपमा राखिएकोमा पदेन सदस्यको रुपमा मात्र राखिनु पर्ने ।

# अनुसूचीहरु

## अनुसूची - १

### समिति गठन हुँदा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | माननीय सदस्यहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मा. दिपक कोइराला | सभापति | ९८५६०२३१६१ |

| | | | |
|---|---|---|---|
| २ | मा. इन्द्र लाल सापकोटा | सदस्य | ९८५७६२१५२२ |
| ३ | मा. चन्द्र मोहन गौचन | सदस्य | ९८५७६५००६० |
| ४ | मा. जनकलाल श्रेष्ठ | सदस्य | ९८५७०४१२२९ |
| ५ | मा. डोबाटे विश्वकर्मा | सदस्य | ९८४६०६२५१७ |
| ६ | मा. भागवत प्रकाश मल्ल | सदस्य | ९८५६०२८११० |
| ७ | मा. मिन प्रसाद गुरुङ्ग | सदस्य | ९८५६०२७६३६ |
| ८ | मा. पियारी थापा | सदस्य | ९८४००९९१३७ |
| ९ | मा. पुष्पा के.सी. भण्डारी | सदस्य | ९८४६०३४८५१ |
| १० | मा. लक्ष्मी सुनार | सदस्य | ९८४७४१३९१७ |
| ११ | मा. विनोद के.सी. | सदस्य | ९८५७६२४१४२ |
| १२ | मा. सरिता गुरुङ्ग | सदस्य | ९८५६०२८१२४ |
| १३ | मा. हरिशरण आचार्य | सदस्य | ९८५१००६१०४ |

## अनुसूची - २

## समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | माननीय सदस्यहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मा. दिपक कोइराला | सभापति | ९८५६०२३१६ |
| २ | मा. इन्द्र लाल सापकोटा | सदस्य | ९८५७६२१५ |

| | | | |
|---|---|---|---|
| ३ | मा. चन्द्र मोहन गौचन | सदस्य | ९८५७६५००६० |
| ४ | मा. जनकलाल श्रेष्ठ | सदस्य | ९८५७०४१२२९ |
| ५ | मा. डोबाटे विश्वकर्मा | सदस्य | ९८४६०६२५१७ |
| ६ | मा. भागवत प्रकाश मल्ल | सदस्य | ९८५६०२८११० |
| ७ | मा. मिन प्रसाद गुरुङ्ग | सदस्य | ९८५६०२७६३६ |
| ८ | मा. विनोद के.सी. | सदस्य | ९८५७६२४१४२ |
| ९ | मा. सरिता गुरुङ्ग | सदस्य | ९८५६०२८१२४ |
| १० | मा. हरिशरण आचार्य | सदस्य | ९८५१००६१०४ |
| ११ | मा. राजीव गुरुङ्ग | सदस्य | ९८५६०१९७२९ |

## पदेन सदस्य

| क्र.सं. | माननीय सदस्यहरुको नाम थर | पद | सम्पर्क |
|---|---|---|---|
| १ | मा. किरण गुरुङ्ग | आर्थिक मामिला तथा योजना मन्त्री | ९८५११२१ |
| २ | मा. रामशरण बस्नेत | भौतिक पूर्वाधार विकास मन्त्री | ९८५६०४ |
| ३ | मा. विकास लम्साल | उद्योग पर्यटन वन तथा वातावरण मन्त्री | ९८५७६३० |
| ४ | मा. लेख बहादुर थापा मगर | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री | ९८५६०७० |

अनुसूची - ३

समिति सचिवालयसँग सम्बद्ध कर्मचारीहरुको नामावली

| क्र.सं. | कर्मचारीहरुको नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री सिर्जना आचार्य | सचिव | ९८४७६५१३७० |
| २ | श्री टंक प्रसाद शर्मा वाग्ले | अधिकृत | ९८४६०८७२५५ |
| ३ | श्री तोयानाथ तिमिल्सिना | अधिकृत | ९८४६१५३०५४ |
| ४ | श्री कमला पौडेल | अधिकृत | ९८४६१०२२५८ |

## अनुसूची - ४

### “अर्थ तथा विकास समितिको कार्यविधि, २०७५”

### प्रस्तावना

नेपालको संबिधानको धारा १९३ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ को व्यवस्था बमोजिम गठन भई गण्डकी प्रदेश, प्रदेश सभा नियमावली,

२०७४ को नियम १४६ को व्यवस्था अनुसारको अधिकार प्रयोग गर्ने गरी कार्य गर्न कार्यविधि बनाई लागू गर्न आवश्यक भएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**अर्थ तथा विकास समिति कार्यविधि, २०७५**" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "सभापति" भन्नाले अर्थ तथा विकास समितिको सभापतिलाई सम्झनु पर्दछ ।

ख) "समिति" भन्नाले अर्थ तथा विकास समिति लाई सम्झनु पर्दछ ।

ग) "उपसमिति" भन्नाले यस, अर्थ तथा विकास समिति अन्रतगत गठित उपसमितिलाई सम्झनु पर्दछ।

घ) "बैठक" भन्नाले समितिले औपचारिक रुपमा आयोजना गर्ने कुनै पनि बैठकलाई सम्झनु पर्दछ।

ङ) कार्यदल भन्नाले अर्थ तथा विकास समिति बमोजिम गठित कार्यदल सम्झनु पर्दछ ।

च) "सचिव" भन्नाले अर्थ तथा विकास समितिको सचिवलाई सम्झनु पर्दछ ।

छ) "सरकार" भन्नाले प्रदेश सरकारलाई बुझिन्छ ।

ज) "मन्त्रिपरिषद्" भन्नाले प्रदेश सरकारको मन्त्रिपरिषद्लाई सम्झनु पर्दछ ।

३. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

१) प्रदेश मन्त्रालय, विभाग र अन्रतगतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन लगायतका क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने, समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको प्रतिबेदन प्रदेश सभाको बैठकमा पेश गर्ने ।

२) मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति मितव्ययी गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको प्रतिवेदन सभामा पेश गर्ने ।

३) मन्त्रिपरिषद्का सदस्यहरूले सरकारको तर्फबाट सभामा समय—समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेश सरकारद्वारा के—कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

४) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

५) सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६) सरकारद्वारा समय—समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

७) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

८) माथि उल्लिखित खण्डहरू बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान—प्रदान गर्ने ।

४. समितिको बैठक :

(१) समितिको बैठक सभापतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको निर्णय सभापतिद्वारा प्रमाणित गरिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. बैठक संचालन : (१) बैठकको सभापतित्व सभापतिबाट हुनेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट हुनेछ । यसरी जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) समितिकोे गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(३) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा समितिको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(४) बैठक तोकिएको मिति र समयमा बस्नेछ ।

(५) बैठकको शुरुमा नै कार्यसूचीमा परेका बिषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समायावधि तय गरिनेछ । आवश्यकता अुनसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नुपर्नेछ ।

(६) बैठकको बिषयवस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सबैको कर्तव्य हुनेछ ।

६. काम कारवाही गोप्य राख्ने : समितिले आफनो कार्य क्षेत्रभित्रको कुनै काम, कारवाहीको प्रकृति र विषयको गाम्भिर्यतालाई दृष्टिगत गरी गोप्य राख्नु पर्ने आवश्यक सूचना गोप्य राख्न सक्नेछ।

७. उपसमिति तथा कार्यदल गठन गर्न सक्ने :

क. समितिले आवश्यकता अनुसार उपसमिति तथा कार्यदलहरु गठन गरी काम गर्न सक्नेछ ।

८. बैठकमा पालना गर्नु पर्ने नियम : गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ बमोजिमका व्यवस्थाहरु समितिका सदस्यले पालना गर्नुपर्नेछ ।

९. कार्यविधिको पालना : यस कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०. समितिको सचिवालयः समितिको सचिवालय प्रदेश सभा सचिवालयमा रहनेछ ।

११.स्रोत साधनको व्यवस्थापन :

क. समितिको लागी आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था प्रदेश सभा सचिवालयवाट हुनेछ

ख. समितिका माननीय सदस्यहरु तथा कर्मचारीले पाउने सेवासुविधा नियमानुसार हुनेछ ।

१२. विविध : (१) समितिले आफनो काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यतालिका निर्माण गरि लागु गर्न सक्नेछ ।

(२) समितिको कामकारवाहीमा सहयोग पुऱ्याउनु समितिका सदस्य तथा सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

१३. अधिकार प्रत्यायोजन : यस कार्यविधि बमोजिम समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सचिव वा अन्य कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१४. संशोधन : समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।